सुदूरपश्चिम विश्वविद्यालय

# सेवा आयोगको कार्यालय

## सहप्राध्यापक पद पूर्तिकालागि दरखास्त आव्हान सम्बन्धी सूचना

(खुला प्रतियोगिता)

सूचना प्रकाशन मितिः २०८२।०९।२६

सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत विभिन्न सङ्कायहरूकालागि निम्नलिखित विषयका सहप्राध्यापक पदमा अनुसन्धानात्मक विशिष्टताका आधारमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट मिति २०८२/०९/२६ देखि मिति २०८२/११/०१ गतेसम्म (दोब्बर दस्तुर तिरेर मिति २०८२/११/०८ गतेसम्म) सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगको वेवसाइट www.servicecomission.fwu.edu.npमा अंकित Online Application मार्फत दरखास्त आव्हान गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्यवाही हुने छैन।

| क.स. | विज्ञापन नं. | संकाय | विषय | आवश्यक शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १२/२०८२-०८३ | इन्जिनियरिङ्ग | सिभिल/कम्प्युटर/आर्किटेक्चर | PhD | १ |
| २ | १३/२०८२-०८३ | स्वास्थ्य विज्ञान | क्लिनिकल माइक्रोवायलोजी/ क्लिनिकल वायोकेमेष्ट्रि/नर्सिङ्ग/फिजियोलोजी/जनस्वास्थ्य | PhD | १ |
| ३ | १४/२०८२-०८३ | कृषि विज्ञान | वाली विज्ञान/वागवानी/माटोविज्ञान/बाली प्रजनन/कृषि अर्थशास्त्र | PhD | १ |
| ४ | १५/२०८२-०८३ | प्राकृतिक स्रोत व्यवस्थापन | नेचुरल रिसोर्स म्यानेजमेन्ट/वाइल्ड लाइफ म्यानेजमेन्ट/फोरेस्ट मेन्सुरेसन/एग्रोफोरेष्ट्रि/ फोरेष्ट्रि/फोरेस्ट अर्थशास्त्र | PhD | १ |

**द्रष्टव्यः**

१. आवेदन दस्तुर :रू. ५०००।-, आवेदन दस्तुर अनलाईन प्रणाली मार्फत बुझाउनु पर्नेछ। एकपटक बुझाई सकेको दस्तुर फिर्ता हुनेछैन।

२. उमेर हदः ५० बर्ष ननाघेको।

३. सम्बन्धित विषयमा स्नातकोत्तर र तोकिएको विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने छ। तर चिकित्सा शास्त्रतर्फका मेडिकल विषयसंग सम्बन्धित पदकालागि सम्बन्धित विषयमा स्नातकोत्तर र तोकिएको विषयमा विद्यावारिधि वा Doctorate in Medicine (DM)/Masters of Surgery (M.S) उपाधि प्राप्त तथा Nature Indexed वा SCImago Journal Ranking सूचिकृत जर्नलमा प्रथम लेखक वा सम्पर्क लेखक (Corresponding author) भई कम्तिमा चार वटा अनुसन्धान लेख प्रकाशन गरेको।

४. विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव र सेवाअवधि लाई मान्यता दिइने छैन।

५.आफ्नो शैक्षिक योग्यताअनुसारको पेशामा संलग्न हुन अनुमतिपत्र (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवसायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नु पर्ने भएमा सो को अनुमतिपत्र र दर्ता प्रमाणपत्र (नविकरण सहित) संलग्न गर्नु पर्नेछ।

६. निम्नकागजातहरूको डिजिटल फाइल(pdf) अनलाईन फारमका साथअपलोड गर्नु पर्नेछ।

(क) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो

(ख) आधिकारिक हस्ताक्षर।

(ग) नागरिकता।

(घ) एसएलसी/एसइईदेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्क पत्र र प्रमाणपत्रहरू, समकक्षताको प्रमाण-पत्र।

(ङ) शिक्षण सेवा अनुभवकालागि सुरुको नियुक्तिपत्र, नियुक्ति नवीकरण र कार्य अनुभवको प्रमाण पत्रपेश गर्नुपर्ने छ।

(छ) व्यक्तिगतविवरण (वायोडाटा)।

(ज) प्रकाशित अनुसन्धानात्मक कृतिहरू।

६. विदेशी विश्वविद्यालयबाट प्राप्तगरेको शैक्षिक उपाधिको श्रेणी वा ग्रेड समेत खुलेको सम्बन्धमा विश्वविद्यालयबाट मान्यता भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपि पनि पेश गर्नुपर्ने छ। अन्यथा आवेदनफारम स्वीकार गरिने छैन।

७. विज्ञापन प्रकाशन भएपछि प्रकाशित कृतिमूल्याङ्कन गरिने छैन।

८. अनलाईनमा पेश गरेका भन्दा फरक कृतिहरु मान्य हुने छैन।

९. अनुसन्धान तथा कृतिहरुको Pdf बनाई अनलाइनमा अपलोड गर्नुपर्ने छ। कृतिहरु शिर्षक अनुसारको सूचि बनाई सो सूची समेत अपलोड गर्नुपर्ने छ। कृतिहरु जुन शिर्षकमा पेश गरेको हो सोही शिर्षकमा मात्र मूल्यांकन हुने छ।

९. थप जानकारीकालागि सुदूरपश्चिम विश्वविद्यालय अनुसन्धानात्मक विशिष्टताका आधारमा खुला प्रतियोगिताद्वारा सहप्राध्यापक नियुक्तिको सफारिस सम्बन्धी विनियम, २०८१ डाउनलोड गरी हेर्न वा सु.प.वि. सेवा आयोगको टेली फोन नं. ०९९५२५४१४ सम्पर्क गर्न सकिने छ।